नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३२ अंक २६५ २०८० साल जेठ १३ गते शनिबार (27 May 2023 Saturday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'सगरमाथा आरोहणले नेपालमा... ३ पृष्ठमा : सुरुङमार्गबाट कहिले ... ३ पृष्ठमा :'युक्रेन युद्ध दशकौंसम्म...

## विद्यालयको लापरवाहीले विद्यार्थीको मृत्यु भएको भन्दै कारवाहीको माग गर्दै प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

विद्यालय प्रशासनको लापरवाहीले एक विद्यार्थीको मृत्यु भएको भन्दै राजविराज-कुनौली सडक खण्ड शुक्रबार बिहानैदेखी प्रदर्शनका कारण अवरुद्ध भएको छ।

मृतकका आफन्त तथा आक्रोशित विद्यार्थीहरुले उचित क्षतिपुर्ती तथा लापरवाही गर्ने प्रिन्सीपल र शिक्षकमाथी कारवाहीको माग गर्दै आक्रमक ढंगले प्रदर्शन गरेका हुन्।

घटना विवरण अनुसार राजविराज नगरपालिका वडा ५ सँग जोडिएको विष्णुपुर गाउँपालिकास्थित शिब्स इन्टरनेशनल बोडिङ्ग स्कुलमा कक्षा १० मा अध्यनरत १७ वर्षिय राजा भन्ने पेशलानन्द यादवलाई विहान ७ बजे तीर करेन्ट लागेको थियो।

करेन्ट लागेर अचेत भएका यादवलाई तत्कालै उपचारका लागी स्थानीय छिन्नमस्ता अस्पताल ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए।

मृतकका भाई रोशनका अनुसार विद्यालय अगाडी रहेको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको खेल मैदानमा शुक्रवार विद्यालय प्रशासनद्वारा आयोजना गरीएको अन्तरकक्षा क्रिकेट प्रतियोगिता सूरु गर्ने क्रममा साउण्ड सिस्टम बजाउनका लागी प्रिन्सीपल नरेश प्रताप साहको उपस्थितीमा शिक्षकद्वय रुपेश साह र सतपाल सुडीले विजुलीको पोलमा दाजु पेशलानन्दलाई हुकिङ्ग गर्न लगाएका थिए। सोही क्रममा अचानक उनलाई करेन्ट लागेको थियो।

प्रिन्सीपल साहले भने साउण्ड सिस्टम बजाउनका लागी विद्युत हुकिङ्ग गर्न विद्यार्थीलाई आफुहरुले नभनेको तर शिक्षकको उपस्थितीमा भएको दुःखद घटनाले केही कमजोरी भने भएको स्वीकारेका छन्।

*बाँकी तीन पृष्ठमा*

## विदेशमा श्रम गरेर कमाएको पैसा ठगी भएपछि परिवारै विचल्लीमा

**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

सप्तरीको विष्णुपुर गाउँपालिका १ वस्ने ४५ वर्षिय अशोक कुमार यादव र उनका दाजु ४८ वर्षिय सुरेन्द्र बैदेशकि रोजगारीबाट कमाएर ल्याएको पैसा ठगिएपछि उनीहरुको परिवारनै बिचल्लीमा परेको छ।



८ वर्ष मलेशियामा रोजगारी गरि नेपाल फर्केका भाई अशोक तथा दाजु सुरेन्द्रले कमाएको ३५ लाख रुपैया वचत गर्न पनि भ्याएका थिए। २०७८ साल बैशाख तिर अशोक घर फर्किए भने दाजु सुरेन्द्र अहिले पनि मलेशियामै छन्।

छिमेकी गाउँ कै एक फर्निचर उधोग संचालक सम्पर्कमा आएर यादव दाजु भाईले वर्षौ लगाएर कमाएको रकम विभिन्न प्रलोभन बाँडेर ठगी गरेपछी उनीहरुको सपनामा कुठाराघात हुन पुगेको छ।

छिन्नमस्ता गाउँपालिका ७ वस्ने फर्निचर उधोग संचालक गजेन्द्र मण्डल र उनकी पत्नी सरस्वतीले अशोक सीत फुलवारीमा रहेको उनको ४ वटा रुखहरु किन्ने क्रममा सम्पर्क बढ्दै गएको थियो।

नयाँ घर निर्माणको तयारीमा रहेका अशोकको योजनाबारे थाहा पाएपछी मण्डल दम्पतीले बालुवा, गिट्टी, सिमेन्ट, फलामे डण्डी लगायतका निर्माण समाग्री उपलब्ध गराईदिने प्रलोभन देखाएर अशोक सित पटक/पटक गरेर ३१ लाख रुपैया पेश्की लिए। तर समान नदिएपछी अहिले उनी रकम वसुल्न प्रहरी हुदै न्यायलयको शरणमा पुग्न बाध्य भएका छन्।

पैसा फिर्ता दिनका लागी वडा अध्यक्ष अच्छेलाल यादवको उपस्थितीमा ३ पटक पंचायती पनि वस्यो। तिनै पटक वसेको पंचायतीमा छलफल हुदा १ महिना भित्रै निर्माण सामान र नभए रकम नै फिर्ता गरिदिने कागज समेत गरिदिएका गजेन्द्रले रकम फिर्ता दिएनन। समाजिक दवाव बढ्दै गएपछी गजेन्द्रले २०७९ असार १२ गते श्रीमतीको नाममा बैंक अफ काठमाण्डौ लिमिटेडमा रहेको खाता नं.२१८३००००० ३७१५२४ बाट साटिने गरी ३१ लखको चेक अशोकलाई दिए। तर खातामा रकम नभएका कारण ३ पटक चेक वाउन्स भयो।

ाखातामा पैसा नभएको जानी जानी चेक काटेर दिदा र ३ पटक चेक वाउन्स भएपछी उनी चेक काट्ने र ठगी गर्ने ब्यक्ती विरुद्ध कारवाहीको माँग गर्दै पटक पटक प्रहरीमा पुगे तर, अझै न्याय पाउन सकेका छैनन्।

जिल्ला प्रहरी कार्यालय उजुरी शाखाका प्रहरी नायव निरिक्षक रामबालक ठाकुरले २०८० वैशाख ७ गते इलाका प्रहरी कार्यालय छिन्नमस्ता सखडालाई चलानी नं.२२८२ को पत्र पठाई खोजतलास गरी गजेन्द्रलाई उपस्थित गराउन निर्देशन दिएपनि उनी फेला नपरेको र खोजतलास भईरहेको बताएका छन्।

अशोक भने गाउँ मै रहेको र खुलेआम घुमिरहेको दाबी गर्दै भने -"प्रहरीले सकृयता नदेखाउँदा हाम्रो परिवारको विचल्ली भएको छ।

*बाँकी तीन पृष्ठमा*

## मोटरसाईकल विद्युतीय पोलमा ठोकिदा दुईको मृत्यु, एक गम्भिर



**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

सप्तरीको राजविराज छिन्नमस्ता सडक खण्ड अन्तर्गत छिन्नमस्ता गाउँपालिका ३ मा शुक्रबार दिउँसो भएको मोटरसाईकल दुर्घटनामा चालकसहित दुई जनाको मृत्यु भएको छ। सो दुर्घटनामा एक जना घाईते भएका छन्।

राजविराजबाट छिन्नमस्तातर्फ जाँदै गरेको तीनजना सवार प्र.२-०१-००२-प.२५६० नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई विधुतीय पोलमा ठोक्किएर सो दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा स्थानीय १८ वर्षिय श्यामकुमार यादव र विकासकुमार खंगको दुर्घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसैगरी सोही दुर्घटनामा परी सोही ठाउँका अजयकुमार खंग घाईते भएको र उनको अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

तीन जना सवार रहको तथा तिब्र गतिका कारण नियन्त्रण गुमाउँदा सो दुर्घट्ना हुन पुगेको प्रहरीको भनाइ छ।

**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# दिगो विकासका लक्ष्य अनुसार कार्यक्रम तय गर्न स्थानीय तहलाई परिपत्र

काठमाडौँ, १२ जेठ (रासस)।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्यका सबै सूचक हासिल गरिसक्ने गरी आफ्ना वार्षिक योजना र बजेट कार्यक्रम तयार पार्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई परिपत्र गरेको छ।

गत चैत २४ गते बसेको 'दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समिति'को बैठकल दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्ने भन्दै मन्त्रालयले गत मङ्गलबार यस्तो परिपत्र गरेको हो। दिगो विकास लक्ष्य केन्द्रीय निर्देशक समितिको उक्त बैठकले दिगो विकास लक्ष्यको कार्यान्वयन प्रक्रियालाई तीव्रता दिने र यसमा सबै मन्त्रालय, प्रदेश तथा स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्रभित्र पर्ने लक्ष्य प्राप्तिका लागि रणनीति बनाई लागू गर्ने निर्णय गरेको थियो।

"दिगो विकास लक्ष्यको स्थानीयकरणमा जोड दिने र सबै प्रदेश तथा स्थानीय तहले आधार तथ्याङ्क तथा सन् २०३० सम्मको लक्ष्य तोकी सूचक तयार गर्ने र योजना तथा बजेटमा आन्तरिकीकरण गरी कार्यान्वयन गर्नुपर्नेछ", मन्त्रालयको परिपत्रमा भनिएको छ। लक्ष्य प्राप्तिका लागि सबै प्रदेश र स्थानीय तहले समेत आन्तरिक रणनीति तयार पार्नुपर्नेछ।

सन् २०१५ मा नेपालसहित विश्वका एक सय ९३ राष्ट्रले संयुक्तरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्यले २०३० सम्ममा विश्वव्यापी रूपमा गरिबी अन्त्य गर्ने, वातावरण संरक्षण गर्ने, तथा शान्ति र समृद्धि हासिल गर्नेलगायत लक्ष्य लिएको छ।

'कसैलाई पनि पछाडि नछोडौँ' (लिभ नो वन बिहाइन्ड) भन्ने मूल नारासहित कार्यान्वयनमा ल्याइएको दिगो विकासको आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई समेटेर तयार पारिएका लक्ष्यअनुसार विभिन्न सूचक बनाइएका छन्। दिगो विकासका विश्वव्यापी १७ लक्ष्य, एक सय ६९ परिमाणात्मक लक्ष्य र दुई सय ३२ वटा सूचक निर्धारण गरिएका छन्।

विश्वव्यापी दुई सय ३२ वटा सूचकमा नेपालले आफ्नो आवश्यकताअनुसार थप दुई सय ४७ वटा सूचक थप गरेर चार सय ७९ वटा सूचक कायम गरेको थियो। थप गरिएकामध्ये कतिपय सूचकहरू दिगो विकास लक्ष्यसँग सोझै सम्बन्धित नरहेको र कतिपयको तथ्याङ्क प्राप्त हुन नसक्ने भएकाले त्यस्ता सूचकलाई हटाएर तीन सय एक सूचक कायम गर्ने निर्णय पनि निर्देशक समितिले गरेको थियो।

"राष्ट्रिय योजना आयोगले निर्णय गरेअनुरुप आवश्यकता र तथ्याङ्क प्राप्तिका आधारमा अनुगमन तथा प्रतिवेदन गर्न सम्भव हुनेगरी दिगो विकास लक्ष्यका सूचकहरू परिमार्जन गर्नुपर्ने तीन सय एक कायम गर्नुपर्नेछ", मन्त्रालयको परिपत्रमा भनिएको छ, "सबै सङ्घीय मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तहले आफूसँग सम्बन्धित सूचकहरूको प्रगतिको अवस्था राष्ट्रिय तथ्यगत प्रणाली (नेसनल डाटा प्रोफाइल) मा नियमित रूपमा अद्यावधिक गर्नुपर्नेछ।"

दिगो विकास लक्ष्य कार्यान्वयनमा निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, गैरसरकारी तथा अन्य सबै सरोकारवालासँगको सहकार्यमा थप प्रभावकारी बनाउने निर्णय पनि निर्देशक समितिले गरेको थियो। यसका लागि निर्देशक समितिमा निजी क्षेत्र, सहकारी क्षेत्र र गैरसरकारी क्षेत्रका तर्फबाट एक-एकजना प्रतिनिधि आमन्त्रित सदस्यका रूपमा सहभागी गराउने मन्त्रालयको परिपत्रमा उल्लेख छ।

# 'सगरमाथा आरोहणले नेपालमा पर्वतारोहण सुरक्षित छ भन्ने सन्देश दिएको छ'

काठमाडौँ, १२ जेठ (रासस)।

कीर्तिमानी आरोही कामीरिता शेर्पाले जारी वसन्त ऋतुमा मात्रै दुईपटक सर्वोच्च शिखर सगरमाथा आरोहण गरेसँगै यसअघिको आफ्नै कीर्तिमान तोड्नुभएको छ। यसअघि सबैभन्दा बढी २६ पटकसम्म सगरमाथा आरोहण गरी कीर्तिमान कायम गर्नुभएका उहाँले जेठ ३ मा २७औँ र जेठ ९ मा २८औँ पटक सगरमाथा आरोहण गर्नुभएको थियो।

कामीरिताको यो कीर्तिमानलाई विश्वभरका सञ्चारमाध्यमले प्राथकिताकासाथ प्रकाशन तथा प्रसारण गरे। उहाँको सगरमाथामा विश्व कीर्तिमान केवल आरोहण मात्रै थिएन यो त नेपालका हिमाल आरोहणका लागि सुरक्षित छन् भन्ने विश्वका लागि सन्देश पनि थियो।

कामीरिता आफै पनि आफूले सगरमाथा कीर्तिमानका लागि चढेको नभइ नेपालको पर्यटन प्रवर्द्धनका लागि रहेको बताउनुभएको छ। आफ्नो कीर्तिमानी आरोहणपछि विदेशी आरोहीलाई पनि नेपालमा पर्वतारोहण सुरक्षित छ भन्ने सन्देश दिन सफल भएको उहाँको भनाइ छ।

आरोही कामीरिता र आरोही हरि बुढामगरले आरोहणपछि कायम गरेको कीर्तिमानले विश्वभर नेपालको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष एवं वरिष्ठ पर्यटन व्यवसायी आङछिरिङ शेर्पाको भनाइ छ। "सगरमाथा आरोहणमा नेपालीले वर्ल्ड रेकर्ड राख्नु देशका लागि गौरवको विषय हुन्छ, यसले संसारभर नेपालको पर्यटन प्रवर्द्धन हुन्छ", उहाँले भन्नुभयो।

शेर्पाका अनुसार सगरमाथा आरोहणमा कैयन कीर्तिमान कायम भएका छन्। सबैभन्दा धेरैपटक सगरमाथा आरोहणदेखि छोटो समय र बिना अक्सिजन आरोहणलगायतका कीर्तिमान कायम भइसकेका छन्। "हिमालमा प्रतिस्पर्धा गर्नु आफैमा चुनौतिपूर्ण काम हो, जोखिम मोलेरै आरोहण गर्नेहरूका कारण यसले विश्वभरका आरोहीलाई आकर्षण गरिरहेको छ", पूर्वअध्यक्ष शेर्पाले भन्नुभयो।

सभेन समिट ट्रेक्स एन्ड एक्सपिडिसनका प्रबन्ध निर्देशक मिङ्मा शेर्पा पनि सगरमाथाको नयाँ कीर्तिमानले विश्वलाई सकारात्मक सन्देश दिएको बताउनुहुन्छ। "प्रत्येक वर्ष सगरमाथामा आरोहणमा हुने नयाँ कीर्तिमानले विश्वलाई सकारात्मक सन्देश दिएको छ", उहाँले भन्नुभयो, "सगरमाथाको जति धेरै आरोहण भयो त्यति राम्रो सन्देश जान्छ।"

खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेका ५३ वर्षीय कामिरिता शेर्पाले सबैभन्दा धेरै पटक सगरमाथा आरोहणसँगै आठ पटक चोयु, तीन पटक मनास्लु, एकपटक ल्होत्से, केटु आरोहण एक गरी ४० पटक विश्वका अग्ला हिमालको आरोहण गरिसक्नुभएको छ। सन् १९९४ मे १३ मा पहिलो पटक सगरमाथाको चुचुरोमा पुग्नुभएका कामीरिताको नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ।

यस्तै, पूर्व ब्रिटिस गोर्खा सैनिक हरि बुढामगरले सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको छ। बुढामगर यही जेठ ५ गते दिउँसो सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो। यससँगै पूर्व गोर्खा सैनिक बुढामगर सगरमाथाको चुचुरो चुम्ने पहिलो 'डबल एम्प्युटी एभोव नी (घुँडा माथिबाट दुवै अंगविच्छेदन)' व्यक्तिको विश्व रेकर्ड कायम गर्नुभएको छ। (प्रोस्थेटिक) कृतिम खुट्टाको सहायताले बुढामगरले सगरमाथा आरोहण गर्नुभएको हो। झण्डै ५ वर्षको प्रयासपछि बुढामगरले सगरमाथाको सफल आरोहण गर्नुभएको हो।

रोल्पाको थबाङ गाउँपालिकाको मिरुल घर भएका बुढामगरले ब्रिटश सेनामा रहँदा अफगानिस्तानको लडाइँमा सन् २०१० मा आफ्ना दुवै खुट्टा घुँडाभन्दा माथिबाट गुमाउनुभएको थियो।

यसैगरी जारी सिजनमा यति समूहका अध्यक्ष लाक्पा सोनाम शेर्पाले पनि सगरमाथाको आरोहण गर्नुभएको छ। शेर्पाले यही जेठ ३ गते सगरमाथाको चुचुरोमा पुग्न सफल हुनुभएको थियो। उहाँ पहिलो नेपाली महिला सगरमाथा आरोही पासाङल्हामु शेर्पाका श्रीमान हुनुहुन्छ। उहाँ थामसेर्कु ट्रेकिङ कम्पनीका सञ्चालक पनि हुनुहुन्छ।

**यस्ता छन् कीर्तिमान**

यसअघि हिउँ चितुवाको उपनामले परिचित कीर्तिमान आरोही स्व आङरिता शेर्पाले बिना अक्सिजन सगरमाथाको १० पटक आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभएको थियो। त्यसैगरी सबैभन्दा छोटो समय अर्थात् साढे १० घण्टामा सगरमाथाको आधारशिविरदेखि चुचुरोसम्म पुगि सफल आरोहण गरेर काजी शेर्पाले कीर्तिमान बनाउनुभएको थियो। उहाँको कीतिमान बाबुछिरिले ब्रेक गर्नुभयो भने बाबुछिरिलाई पनि पेम्बा शेर्पाले रेकर्ड तोडेर कीर्तिमान कायम गर्नुभएको थियो। साथै सबैभन्दा कम उमेरमा १३ वर्षे अमेरिकी नागरिक जोर्डन रेमोरोले रेकर्ड कायम गर्नुभएको थियो।

**पाँच सयभन्दा बढीले चढे सगरमाथा**

यस वर्षको वसन्त ऋतुमा करिब पाँच सयभन्दा सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका छन्। पर्यटन विभागका अनुसार यो यामको जारी आरोहणमा आजसम्म आरोही तथा शेर्पा सहयोगी गरी पाँच सयले सगरमाथा आरोहण गरेका हुन्।

"वसन्त ऋतुको सगरमाथा आरोहणमा ४७८ ले आरोहण अनुमति (एक्सपिडिसन पर्मिट) लिएकामा आजसम्म करिब पाँच सयभन्दा बढीले हाराहारीले सगरमाथाको सफल आरोहण गरेका छन्। यसमा आरोही तथा शेर्पा गाइड पनि छन्", विभागका महानिर्देशक होमप्रसाद लुइटेलले भन्नुभयो। मौसमले साथ दिएकाले अहिले सगरमाथालगायत हिमालमा उत्साहवर्द्धक रूपमा आरोहण भइरहेको विभागले जनाएको छ।

यस वर्षको वसन्त ऋतुको आरोहण गत वैशाख ३० गतेबाट शुरु भएको थियो। सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो।

सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीले पाएको थियो। वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन्। विभागको पर्वतारोहण शाखाको विवरणमा ४७ आरोही समूहका १०३ महिला र ३७६ पुरुष गरी कूल ४७८ आरोहीले आरोहण अनुमति लिएका हुन्। सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो यामको आरोहणमा सबैभन्दा बढी आरोहीको सङ्ख्या हो।

सगरमाथा आरोहणका लागि नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका छन्। सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्याण्डका सर एडमन्ड हिलारी सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो। सगरमाथाको चुचुरोमा मानवले पहिलो पटक पाइला टेकेको ७० वर्ष पुगेको छ।

# एक मन्त्रालयसहित लोसपा मधेस सरकारमा

धनुषा, १२ जेठ (रासस)।

जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको मधेस सरकारसँग केही दिनयता असन्तुष्ट रहँदै आएको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) एक मन्त्रालयसहित मधेस सरकारमा सहभागी भएको छ।

मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको मधेस सरकारमा लोसपा नेपालबाट सरकारमा सहभागी हुँदै पर्साको निर्वाचन क्षेत्र नं २ (ख)बाट निर्वाचित प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले पद तथा गोपनीयताको शपथ लिनुभयो। कुर्मीलाई बिहीबार साँझ प्रदेश प्रमुख हरिशङ्कर मिश्रले वन तथा वातावरणमन्त्रीका रूपमा शपथ गराउनुभयो।

कुर्मीलाई मुख्यमन्त्री यादवले आफैँसँग राखेको वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिनुभएको हो। अब वन तथा वातावरण मन्त्रालयको राज्यमन्त्रीको नाम भने लोसपाभित्र टुङ्गो लाग्न बाँकी रहेको छ। राज्यमन्त्रीको नाम पछि टुङ्गो लाग्ने बताइएको छ।

सत्तारूढ गठबन्धनको बैठकले मधेसमा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएसँगै पहिलो चरणमा जसपाले सरकारको नेतृत्व गरिरहेको छ। योसँगै मधेस प्रदेशमा अब पाँचौँपटक मन्त्रिपरिषद् विस्तार भएको छ। यसअघि मङ्गलबार मुख्यमन्त्री यादवले नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) लाई सरकारमा सहभागी गराई चौथोपटक मन्त्रिपरिषद् विस्तार गर्नुभएको थियो।

मधेस सरकारमा नेपाली कांग्रेसबाट कृष्णप्रसाद यादवलाई भौतिक पूर्वाधार विकास मन्त्रालय र वीरेन्द्रप्रसाद सिंहलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ भने एकीकृत समाजवादीबाट गोविन्दबहादुर न्यौपानेलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ।

मुख्यमन्त्री यादवले गृह सञ्चार तथा कानून मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय भने अहिले पनि आफूसँगै राख्नुभएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सुरुङमार्गबाट कहिले गुड्छन् गाडी ?

**नारायण ढुङ्गाना**

काठमाडौं, १२ जेठ (रासस) ।

राजधानी काठमाडौं छिर्ने नाका नागढुङ्गा सुरुङमार्ग निर्माण अहिले तीव्र गतिमा भइरहेको छ । कोरोनालगायत विविध कारणले निर्माण प्रभावित हुँदा एक वर्षको समय थप गरेर निर्माणलाई तीव्रता दिइएको हो । अहिले सुरुङमार्ग निर्माणले तीव्रता पाए पनि टनेल जोड्ने काम भने अझै नसकिएको नागढुङ्गा सुरुङमार्ग आयोजनाले जनाएको छ ।

नेपालको यातायात पूर्वाधारमा सुरुङमार्गको युगमा प्रवेश गराउने उक्त टनेलबाट कहिले गाडी कुदाउन पाइएला र सुरुङमार्गको मजा लिन कहिले पाइएला भन्ने आमनागरिकको चाहना छ ।

बहुप्रतिक्षित उक्त सुरुङमार्गको दुई टनेलमध्ये मुख्य टनेल छ सय मिटर सुरुङमार्गमा जोडिन बाँकी छ भने सहायक अर्थात् 'रेस्क्यु' (इभ्याकुएसन) टनेल दुई सय १० मिटर जोडिन बाँकी छ । पहिलो चरणमा दुई सय मिटर 'ब्रेक थ्रु' गर्ने र मुख्य टनेल दसैं आसपासमा 'ब्रेक थ्रु' गर्ने गरी काम अगाडि बढाइएको नागढुङ्गा सुरुङमार्ग आयोजनाका कन्सल्ट्यान्टका इञ्जिनियर रमेश कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार सिस्ने खोलाबाट सुरु भएको उक्त सुरुङमार्गको लम्बाइ दुई हजार छ सय ८० मिटर छ ।

"सिस्ने खोलाको प्रवेश विन्दुबाट ९१ मिटर माथि निस्किन्छ । टनेल सिधा नभएर थोरै कर्भ (घुमाएर) बनाइएको छ । यहाँ दुई वटा टनेल निर्माण भइरहेका छन् । एउटा गाडी सञ्चालनका लागि बनाइएको हो", इञ्जिनियर कोइरालाले भन्नुभयो । उहाँका अनुसार टनेलभित्र कुनै घटना भयो भने रेस्क्यु गर्नका लागि ३० मिटरको दूरीमा रहने गरी साइडमा अर्को टनेल बनाइएको छ । "त्यो रेस्क्यु (इभ्याकुएसन) टनेल हो । हरेक तीन सय ७५ मिटरमा दुई टनेल जोडिन्छ । उक्त टनेल दुर्घटना वा अन्य आकस्मिक कामका लागि प्रयोग गरिन्छ", उहाँले भन्नुभयो ।

सात ठाउँमा दुई टनेलको जडान गरिने इञ्जिनियर कोइरालाले जानकारी दिनुभयो । उहाँका अनुसार मुख्य टनेलको चौडाइ सामान्यतया साँढे नौ मिटर र कुनैकुनै ठाउँमा १३ मिटरसम्मको हुन्छ । रेस्क्यु (इभयाकुएसन) टनेल साढे चार मिटरको रहने उहाँको भनाइ थियो ।

इञ्जिनियर कोइरालाले टनेलबाहेक यस ठाउँमा आउने रोड सर्भे स्टेशन (मुख्य तल्लो प्रवेश विन्दु) मा चार लेनको सडक टनेलमा प्रवेश गर्ने बताउनुभयो । सिस्ने खोलाबाट प्रवेश गरेका यातायातका साधन माथि निस्किएपछि बलम्बुस्थित मुख्य मार्गमा नै मिसिने गरी सडक निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो । "त्यसलाई 'एप्रोच रोड' भनिन्छ । यसको लम्बाइ साढे दुई किलोमिटरको हुन्छ", इञ्जिनियर कोइरालाले भन्नुभयो । टनेल निर्माणका क्रममा निस्किएका निर्माण सामग्री प्रयोग गरेर रोड बनाइरहेकाले टनेलसँगै रोडको काम पनि सँगै सम्पन्न हुने उहाँको भनाइ थियो ।

'एप्रोच रोड' र टनेल निर्माणका क्रममा आउने मुख्य समस्या तल्लो प्रवेशविन्दु नजिकको पहिरो भएको भन्दै इञ्जिनियर कोइरालाले पहिरो नियन्त्रणका लागि काम भइरहेको उल्लेख गर्नुभयो । उहाँले सावधानीपूर्वक समन्वयात्मकरूपमा समस्या समाधान गरी काम अघि बढाइएको बताउनुभयो ।

शुक्रबारमात्रै यहाँका अनुगमन गर्नुभएका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले आगामी एक वर्षभित्रमा गाडी हिँड्ने गरी कामलाई तीव्रता दिनुपर्ने भन्दै निर्माणका क्रममा आउने सबै समस्या र अप्ठ्यारो समाधान गर्न सरकार तयार रहेकाले निर्माण कम्पनीले कुनै बहानामा कामलाई रोक्न नपाउने बताउनुभयो । उहाँले एक वर्षमा गाडी नै हिँड्ने गरी निर्माण भइरहेको बताए पनि सुरुङमार्ग निर्माण सम्पन्न हुन अझै डेढदेखि दुई वर्ष लाग्ने आयोजनाका अधिकारीहरूले बताएका छन् ।

**यस्तो छ प्रगति**

निर्माण भइरहेका र निर्माण कम्पनीलाई भुक्तानी दिइएका कामको प्रगति हेर्दा हालसम्म करिब ६० प्रतिशत निर्माण सम्पन्न भएको छ । मुख्य टनेल खन्ने काम धेरै गाह्रो भएकाले मुख्य टनेल खन्ने काम सकिएपछि धेरै काम सकिने बताइएको छ । टनेल खन्ने काम मात्रै चाहिँ ८३ प्रतिशत सकिएको नागढुङ्गा सडक आयोजनाले जनाएको छ ।

"टनेल जोडिएपछि भने अन्य काम छिटो सकिन्छ । भित्र २४सै घण्टा लाइट र पावर चाहिन्छ । त्यसका लागि पनि काम गर्नुपर्छ । त्यसैले टनेल जोडिएपछि अन्य कामका लागि एक वर्षभन्दा बढी समय लाग्नेछ", आयोजनाका कन्सल्ट्यान्ट इञ्जिनियर रमेश कोइरालाले भन्नुभयो । कोरोनाका कारण एक वर्ष समय थप भइ आगामी अप्रिल २६ सम्मका लागि समय निर्धारण गरिएको छ ।

**कहिलेदेखि सुरु भयो सुरुङमार्ग निर्माण**

नागढुङ्गा सुरुङमार्ग आयोजनाको अध्ययन सन् २०१४ देखि सुरु भएको थियो । 'डिटेल' डिजाइन सन् २०१७ र २०१८ मा सम्पन्न भएको थियो भने सन् २०१९ देखि निर्माण सुरु भएको थियो । आयोजना निर्माणका लागि रू २२ अर्ब लाग्ने बताइएको छ । जम्मा खर्चमध्ये रू १६ अर्ब जापान सरकारको ऋण अनुदानबाट गरिने छ भने बाँकी नेपाल सरकारको लगानी रहनेछ । सन् २०१९ मा निर्माण सुरु भई ४२ महिनामा निर्माण सक्ने गरी ठेक्का सम्झौता गरिएको थियो । कोरोनाका कारण एक वर्ष थप गरी सन् २०२४ अप्रिल २६ सम्म निर्माण सम्पन्न गर्ने गरी समय निर्धारण गरिएको आयोजनाले जनाएको छ ।

***विद्यालयको...***

यता घटनाको विरोधमा विद्यार्थी तथा मृतकका आफन्तले लापरबाही गर्ने विद्यालय सञ्चालकमाथि कारबाहीको माग गर्दै विद्यालय अगाडि टायर बालेर प्रदर्शन गरेको थियो । मृत्युले शोकमा डुबेका परिवारजले शुक्रबार नै विद्यालयका प्रिन्सीपल र शिक्षक विरुद्ध कडा कारवाहीको माँग गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएका छन् ।

मृतकका बुवा लक्ष्मण प्रसाद यादवद्वारा बुझाइएको जाहेरीमा घटनाको सत्यतथ्य छानवीन, दोषीलाई ज्यान कसुर सम्बन्धी मुद्दामा कारवाही तथा पीडित परिवारलाई उचित क्षतीपुर्ती दिनु पर्ने माग गरिएको छ ।

***विदेशमा श्रम ...***

उनी शुक्रवार न्याय खोज्दै अदालतको शरणमा पुगेका छन् । सप्तरी जिल्ला अदालतमा उनले दायर गरेको फिराद पत्रमा निर्माण सामग्री उपलब्ध गराई दिने भनी प्रलोभन देखाइ ठगी गर्ने गजेन्द्र माथी कारवाही र आफुलाई न्याय दिलाई दिन अनुरोध गरेका छन् ।

खातामा पैसा न भएको जानी जानी ठगी र दुःख दिने नियतले दिएको चेक पटक पटक वाउन्स भएकाले निज गजेन्द्र माथी चेक अनादरको मुद्दा चलाउन समेत फिराद पत्र मार्फत आग्रह गरिएको छ । फिराद पत्रमा रकम फिर्ता नगर्ने मनसायले जानीजानी पैसा नरहेको खाताको चेक दिई चेक अनादरको कसुर गरेकाले प्रतिवादीलाई बिनियम अधिकार पत्र ऐन २०३४ को दफा १०७ (क) बमोजिम ब्याज समेत भराई हदै सम्मको कैद र जरिवाना समेत गरी पाउँ भनि माँग गरिएको छ ।

यता आरोपित गजेन्द्रले अशोकसित लेनदेनको कुरा मिली सकेको र अब ९५ हजार मात्र तिर्न बाँकि रहेको दाबी गरेका छन । "सबै कुरा मिलीसक्यो, फेरी अदालत किन गए ? बुझि नसक्नु छ, उनले भने ।" अशोकले भने पुरै ३१ लाख बाँकी नै रहेको र कुनै सहमति नभएको बताएका छन् ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सुरुङ्गा नगरपालिका, सप्तरी**


## विश्व समाचार

### 'युक्रेन युद्ध दशकौंसम्म हुनसक्छ'

मस्को, १२ जेठ (रासस/एएफपी) ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका एक शीर्ष सहयोगीले युक्रेन युद्ध दशकौंसम्म जारी रहन सक्ने बताएका छन् । राष्ट्रपति पुटिनको शक्तिशाली सुरक्षा परिषद्का उपाध्यक्ष एवम् पूर्व राष्ट्रपति दिमित्री मेदेभदेवले युक्रेनसँगको द्वन्द्व दशकौंसम्म जारी रहन सक्ने बताउनुभएको हो ।

पूर्वप्रधानमन्त्री मेदेभदेवले भियतनाम भ्रमणका बेला त्यसो भन्नुभएको रुसी समाचार एजेन्सीले आरआईएले जनाएको छ । "यो द्वन्द्व धेरै लामो समयसम्म चल्नेछ, सम्भवतः दशकौंसम्म चल्नेछ," आरआईएले मेदभदेवलाई उद्धृत गर्दै छापेको छ ।

मेदभदेवले प्रायः कडा टिप्पणी गर्नुहुन्छ । गत महिना उहाँले युक्रेनी अधिकारीहरूलाई 'सङ्क्रमण'का रूपमा वर्णन गर्नुभएको थियो । साथै उहाँले युक्रेनलाई 'नाजी राज्य' भन्नुभएको छ । मस्कोले पनि शब्द दाबी दोहाऱ्याउँदै आएको छ । गत जनवरीमा उहाँले रुस पराजित भए आणविक युद्ध सुरु गर्न सक्ने बताउनुभएको थियो ।

### पाकिस्तान विष्फोट : चार जनाको मृत्यु, नौ घाइते

इस्लामावाद, १२ जेठ (रासस/सिन्ह्वा) ।

पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बिहीबार राति दुई स्थानमा भएका विष्फोटमा परी दुई जनाको मृत्यु हुनुका साथै अन्य छ जना घाइते भएका छन् ।

पहिलो विस्फोट प्रान्तको हर्नाई क्षेत्रमा भएको थियो । विष्फोटमा घाइते भएका दुई जनालाई उद्धार गर्न मानिसहरू घटनास्थल पुग्ने बित्तिकै दूर नियन्त्रित उपकरणबाट दोस्रो विस्फोट गराउँदा दुई जना उद्धारकर्मीको ज्यान गएको प्रहरीले जनाएको छ ।

दोस्रो विष्फोटमा दुई जनाको मृत्यु भएको र चार जना घाइते भएको प्रहरीले जनाएको छ भने आक्रमणमा संलग्नको खोजी भइरहेको छ । घाइते सबैलाई नजिकैको अस्पतालमा लगिएको छ । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर छ । अहिलेसम्म कुनै व्यक्ति वा समूहले आक्रमणको जिम्मेवारी लिएको छैन ।

यसैबीच, उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको खैबर जिल्लामा रहेको एक प्रहरी चौकीमा शुक्रबार बिहान भएको विस्फोटमा दुई प्रहरीको मृत्यु हुनुको साथै अन्य तीन जना घाइते भएका छन् । घटनाको अनुसन्धान भइरहेको खैबर जिल्लाका प्रहरी अधिकृत सलीम अब्बासले बताएका छन् ।

### अवतरणका क्रममा विमानको ढोका खुलेपछि...

सोल, १२ जेठ (रासस/सिन्ह्वा) ।

विश्वका कुनै पनि मुलुकमा विमान उडाउनु र अवतरण गर्नुअघि विमानका ढोका लागेनलागेको पूर्णरुपमा सुनिश्चित गरिन्छ तर दक्षिण कोरियामा शुक्रबार विमानको ढोका खुलै राखेर एउटा विमान अवतरण गरिएको छ ।

देशको दक्षिणी भेगमा रहेको रमणीय टापु जेजुको विमानस्थलबाट एक सय ९४ जना यात्री बोकेर डेगुका लागि उडेको विमानको ढोका डेगु विमानस्थलमा अवतरण अगावै खुलेको कोरियाली समाचार संस्था योनहापले जनाएको छ ।

संयोगले भवितव्यबाट जोगिए पनि केही यात्रीलाई श्वासप्रश्वासमा कठिनाई भएपछि उनीहरूलाई अस्पताल भर्ना गरिएको छ । ढोका खुला राखेरै विमान अवतरण गरिएको घटनाको छानविन भइरहेको छ । डेगु विमानस्थल राजधानी सोलबाट दुई सय ४० किलोमिटर दक्षिणपूर्वमा अवस्थित छ । घटना शुक्रबार मध्याह्नको हो ।

### हत्या आरोपमा सभामुखका छोरा समातिए

टोकियो, १२ जेठ (रासस/सिन्ह्वा) ।

जापानको नागानो प्रिफेक्चरको नाकानो नगरसभाका सभामुख मासामिची आओकीका ३१ वर्षीय जेठा छोरा मसानोरी आओकीलाई दुई प्रहरी अधिकारीसहित चार जनाको हत्या गरेको आरोपमा पक्राउ गरिएको छ ।

सभामुखका छोराले एक महिलालाई छुरा प्रहार तथा दुई जना प्रहरी अधिकारीमाथि गोली हानेर मारेको आरोप लगाइएको छ । निजले अर्की एक महिलाको पनि हत्या गरेको अभियोग लगाइएको छ । क्यामफ्लाज, टोपी र मास्क लगाएको अभियुक्तले घातक आक्रमण गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

तुलनात्मक रूपमा शान्त जापानमा बन्दुक हिंसाका घटना विरलै हुने गरेका छन् । गत वर्ष जापानमा बन्दुकसँग सम्बन्धित नौ घटना भएका थिए । ती घटनामा चार जनाको मृत्यु भएको थियो । गत वर्ष पूर्वप्रधानमन्त्री शिञ्जो आबेमाथि चुनावी सभामा गोली हानेर हत्या गरिएको थियो ।

# बाल विवाहका कारण कलिलै उमेरमा ज्यान गुमाउनु परेको घटनाप्रति चिन्ता




**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

बाल विवाहका कारण घरेलु हिंसा, सम्बन्ध विच्छेद, शारीरिक र मानसिक समस्या तथा महिलाले कलिलै उमेरमा ज्यान गुमाउनु परेको घटना बढ्दै गएको भन्दै राजविराजमा आयोजित एक कार्यक्रमका सहभागि वक्ताहरुले चिन्ता व्यक्त गरेका छन्।

शुक्रवार राजविराजको समन्वय, ९ नम्बर वडा कार्यालयको सहयोग तथा विकास लागि भिजन नेपाल राजविराजको आयोजनामा संचालन गरिएको बालविवाह न्यूनिकरण र जिम्मेवार स्थानीय सरकार सम्बन्धि अन्तरक्रिया कार्यक्रममा सहभागि वक्ताहरुले यस्तो चिन्ता व्यक्त गरेका हुन्।

वडा अध्यक्ष जवाहर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै राजविराज नगरपालिकाका नगरप्रमुख (हाल निलम्बित अवस्थामा) भिमराज यादवले चेतनाको अभाव र बाल विवाह अपराध हो भन्ने बारे अधिकांशलाई जानकारी नहुँदा रोकथाममा समस्या हुने गरेको बताए।

राष्ट्रिय सहकारी बैंक मधेश प्रदेशका संयोजक एवम् सहकारी अगुवा विश्वनाथ मण्डलले बाल विवाह न्यूनिकरण होईन, निर्मूल नै पार्न सबै लाग्नुपर्ने आवश्यकता औल्याउने वडा कार्यालहरुले पनि यसमा कडाईका साथ अघि बढ्नु पर्ने बताए। शिक्षाको कमी र त्यसबाट उब्जने अज्ञानताले बाल विवाह बढाएकोल भन्दै उनले सबभन्दा पहिले समाजलाई नै शिक्षित बनाउनुपर्नेमा जोड दिए।

जसपाका राजनितिक समिति सदस्य एवम् मधेश प्रदेशका प्रचार प्रसार प्रमुख अमरनाथ मण्डलले बाल विवाहका कारण घरेलु हिंसा, सम्बन्ध विच्छेद, शारीरिक समस्या र महिलाले कलिलै उमेरमा ज्यान गुमाउन थालेको भन्दै यसको न्यूनिकरणको लागि सबै सरोकारवाला मिलेर काम गर्नुपर्ने बताए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्रवक्ता डिएसपी नरेश कुमार सिंह, पत्रकार महासंघ सप्तरीका पूर्व सभापति मुरली प्रसाद यादव, महासंघ पूर्व केन्द्रीय सदस्य अवधेश झा, समाजसेवी रामकिसुन यादव लगायतले पनि बोल्दै बाल विवाहका कारण किशोर किशोरीको स्वास्थ्यमा मात्र नभई भविष्य नै जोखिममा पर्ने गरेको भन्दै यसको न्यूनिकरणको लागि समाजका सबै सचेत नागरिकले भुमिका खेल्नुपर्नेमा जोड दिए।

# बालबालिकालाई विपद् सम्बन्धी अभिमुखीकरण



**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

विद्यालयमा अध्ययनरत बालबालिकालाई विपद्को जोखिमबाट हुने असरबाट जोगाउन तथा समुदायमा सन्देश प्रवाह गर्न तिलाठी कोइलाडी गाउँपालिकाले विपद् जोखिम न्युनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ।

युनिसेफको सहयोगमा गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाद्वारा सो अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको हो।

कुनै पनि खालको विपद्मा सबैभन्दा बढी बालबालिका प्रभावित हुने गरेको तथा विपद् पश्चात बालबालिकाले आफ्नो बालअधिकारको उपयोग तथा उपभोग गर्नबाट वञ्चित हुनुपर्ने अवस्था उत्पन्न हुने गरेकोले बालबालिकालाई विपद्को जोखिमबाट जोगाउन अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले बताए।

वालवालिकाहरुको क्षमता अभिवृद्धि गरी उनीहरुले आफ्नो आवाज उठाउन सकुन् र सम्वन्धित निकायले उनीहरुको समस्या तथा कुरा सुनुन्, जसले विपद जोखिम न्यूनिकरण गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले विद्यालय स्तरीय बालक्लबका सदस्यहरुका लागि विपद् जोखिम न्युनीकरण सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको कार्यक्रम अधिकृत झाले जानकारी दिए।

बालवालिकाहरुले स्वयं आफैले जोखिम पहिचान गर्न, विश्लेषण गर्न, योजना बनाई कार्यान्वयन गर्न र जोखिम न्यूनिकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने तथा बाालबालिकाहरुले आफनो ज्ञान, सीपको प्रयोग गरेर प्रौढहरुसंगै सुरक्षित र उत्थानशील समुदाय बनाउन योगदान दिन सक्षम बनाउनु कार्यक्रमको उद्देश्य रहेको झाले बताए।

सो अभिमुखीकरण कार्यक्रम तिलाठी कोइलाडी गाउँपालिकाको राजेन्द्र देवकी मावि कोइलाडी, लक्ष्मी बल्लभ नरसिंह मावि बभनगामाकट्टी, जनतामावि तोपा, पब्लिक मावि लौनियाँ तिलाठी, उमेश्वर आधारभूत विद्यालय लौनियाँ, राजाजी आधारभूत विद्यालय बनरझुला र कृष्णकुमारी देवी राजपुत मेमोरियल आधारभूत विद्यालय बर्साइनमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

# केन्द्रीय बैंकले २९ अर्ब १३ करोड बराबरको ट्रेजरी बिल बिक्री गर्ने

काठमाडौँ, १२ जेठ (रासस)।

नेपाल राष्ट्र बैंकले रु २९ अर्ब १३ करोड बराबरको ट्रेजरी बिल बिक्री गर्ने भएको छ। केन्द्रीय बैंकले बोलकबोलको प्रक्रियाबाट उक्त परिमाणको ट्रेजरी बिल बिक्री गर्न लागेको हो।

यही जेठ १४ गते आइतबार बोलकबोल गरिने जनाइएको छ। यसअघि यही जेठ ८ गते पनि केन्द्रीय बैंकले रु ३४ अर्ब २० करोड बराबरको ट्रेजरी बिलको बोलकबोल प्रक्रियामार्फत बिक्री गरेको थियो। पछिल्लो पटक बिक्री गर्न लागिएको ट्रेजरी बिल २८ दिने अवधिदेखि तीन सय ६४ दिने अवधिसम्मको छन्। आन्तरिक ऋण उठाउने प्रयोजनका लागि राष्ट्र बैंकले उक्त ट्रेजरी बिल बिक्री गर्न लागेको हो।

केन्द्रीय बैंकका अनुसार हाल ट्रेजरी बिलको अल्पकालीन ब्याज सात दशमलव ९१ प्रतिशत बराबर रहेको छ। यस्तै तीन सय ६४ दिनको ब्याज भने आठ दशमलव ८० प्रतिशत बराबर छ। अन्तरबैंक ब्याजदर भने सात प्रतिशत बराबर छ।

# भक्तपुरका पाण्डे सप्तरीमा मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, १२ जेठ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ गंगापुर टोलमा शुक्रवार एक व्यक्तीको शव फेला परेको छ। प्रहरीका अनुसार भक्तपुरको सुडाल गाउपालिका ५ का ४७ वर्षिय बलराम पाण्डेको शव फेला परेको हो।

स्थानीयले खेतमा उनको शव देखेपछी प्रहरीलाई खबर गरेका थिए। मृतकको शरीरमा चोट पटकको दाग भने नदेखिएको तथा पोस्टमार्टमका लागी राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा पुर्‍याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिहले जानकारी दिए।

उनको साथमा रहेको परिचय पत्रको आधारमा नाम र ठेगाना खुलेको हो। यो संगै दुई साता यता जिल्लामा विभिन्न स्थानमा गरी तीन जनाको शव खेतमा फेला परेको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

गणतन्त्र दिवस, २०८० भव्यरुपमा मनाऔं
गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*